Roll No. | | | | | | | | |

(Write Roll Number from left side exactly as in the Admit Card)

*Signature of Invigilator*

**Question Booklet Series** **X**

**PAPER–II** **Question Booklet No.**

(Identical with OMR Answer Sheet Number)

**Subject Code : 30**

# NEPALI

*Time : 2 Hours* *Maximum Marks: 200*

## *Instructions for the Candidates*

1. Write your Roll Number in the space provided on the top of this page as well as on the OMR Sheet provided.
2. At the commencement of the examination, the question booklet will be given to you. In the first 5 minutes, you are requested to open the booklet and verify it:
   (i) To have access to the Question Booklet, tear off the paper seal on the edge of this cover page.
   (ii) Faulty booklet, if detected, should be got replaced immediately by a correct booklet from the invigilator within the period of 5 minutes. Afterwards, neither the Question Booklet will be replaced nor any extra time will be given.
   (iii) Verify whether the Question Booklet No. is identical with OMR Answer Sheet No.; if not, the full set is to be replaced.
   (iv) After this verification is over, the Question Booklet Series and Question Booklet Number should be entered on the OMR Sheet.
3. This paper consists of One hundred (100) multiple-choice type questions. All the questions are compulsory. Each question carries *two* marks.
4. Each Question has four alternative responses marked: (A) (B) (C) (D) . You have to darken the circle as indicated below on the correct response against each question.

   *Example:* (A) (B) ● (D) , where (C) is the correct response.
5. Your responses to the questions are to be indicated correctly in the OMR Sheet. If you mark your response at any place other than in the circle in the OMR Sheet, it will not be evaluated.
6. Rough work is to be done at the end of this booklet.
7. If you write your Name, Roll Number, Phone Number or put any mark on any part of the OMR Sheet, except in the space allotted for the relevant entries, which may disclose your identity, or use abusive language or employ any other unfair means, such as change of response by scratching or using white fluid, you will render yourself liable to disqualification.
8. Do not tamper or fold the OMR Sheet in any way. If you do so, your OMR Sheet will not be evaluated.
9. You have to return the Original OMR Sheet to the invigilator at the end of the examination compulsorily and must not carry it with you outside the Examination Hall. You are, however, allowed to carry question booklet and duplicate copy of OMR Sheet after completion of examination.
10. **Use only Black Ball point pen.**
11. **Use of any calculator, mobile phone, electronic devices/gadgets etc. is strictly prohibited.**
12. **There is no negative marks for incorrect answer.**

# NEPALI

## PAPER II

**1.** गुणीभूतव्यङ्ग्यका भेदहरूमध्ये काव्य भावनामा परिपक्व भावुकहरूलाई पनि दुर्ज्ञेय भएको भेदलाई के भनिन्छ?

(A) सन्दिग्धप्राधान्य

(B) अस्फुट

(C) इतराङ्ग

(D) काक्वाक्षिप्त

**2.** कमल दीक्षितले आफ्नो एउटा अनुसन्धानमूलक पुस्तकको शीर्षक 'पर्खँदै बित्ला कि?' कुन र कसको पद्यात्मक कृतिबाट टिपेका हुन्?

(A) बहादुरसिंह बरालको 'बरालको आँसु'

(B) हाजीरमान राईको 'मीठा मीठा नेपाली गीत'

(C) नरवीर तामाङको 'आनन्द लहरी'

(D) रत्ननारायण प्रधानको 'प्रेमलहरी'

**3.** सस्युरेली भाषाशास्त्रका आधारमा पाठक शाब्दिक पठनबाट मुक्त भएर प्रतीकात्मक पठनमा गोता लाउन पुग्ने संहितालाई बार्थले के नाम दिएका छन्?

(A) सान्दर्भिक

(B) गुणार्थक

(C) सांस्कृतिक

(D) व्याख्यात्मक

**4.** नेपालका श्री ३ चन्द्रशम्शेरको कोपभाजनको रापबाट जोगिन 'त्रिशुल', 'अघोरचन्द्र तर्करङ्ग' र 'आदिनाथ ठाकुर' जस्ता लुकुवा नाम धारण गरी कविता लेख्ने कवि को हुन्?

(A) छविकान्त शर्मा

(B) शम्भुप्रसाद ढुङ्गेल

(C) भवानीप्रसाद खतिवडा

(D) शुक्रराज शास्त्री

**5.** तल दिइएका माध्यमिककालीन आख्यान र तिनका लेखक चिन्हित गर्नु होस् –

| | | | |
|---|---|---|---|
| I. | रामप्रसाद सत्याल | (i) | मेरिना चरित्र |
| II. | नरदेव पाण्डे | (ii) | कलावती |
| III. | शम्भुप्रसाद ढुङ्ग्याल | (iii) | नलोपाख्यान |
| IV. | कपिलदेव शर्मा | (iv) | गुलबकावली |

| | I | II | III | IV |
|---|---|---|---|---|
| (A) | (iii) | (i) | (iv) | (ii) |
| (B) | (iv) | (iii) | (ii) | (i) |
| (C) | (iii) | (iv) | (i) | (ii) |
| (D) | (ii) | (i) | (iv) | (iii) |

**6.** अनुसन्धान प्रबन्धको अन्तिम चरणमा आवश्यकताअनुसार व्यक्ति, संस्था, कृति र कृतिभित्रका विभिन्न विषयहरू एवम् तिनका पृष्ठ सङ्ख्या र प्रकरणसमेत निर्देशन गर्ने पारिभाषिक शब्द कुन हो?

(A) परिशिष्ट

(B) अनुक्रमणिका

(C) पारिभाषिक शब्दावली

(D) सन्दर्भ सूची

**7.** ''कसैले मलाई साहित्य किन अध्ययन गर्छौ भनेर सोधे 'खान लाउनका निमित्त सर्वथा अनुपयोगितारूपी अमोल गुणयुक्त हुनाले म साहित्यको अध्ययन गर्दछु' भन्ने उत्तर दिन्छु। यो निकम्मा छ तसर्थ म यसलाई रुचाउँछु।'' – यस कथनमा कुन किसिमको अभिव्यञ्जना पाइन्छ?

(A) समस्यामूलक

(B) व्यङ्ग्यात्मक

(C) यथार्थपरक

(D) तर्कसङ्गत

**8.** मानक भाषाभन्दा भिन्न भाषा-प्रयोगलाई शैलीविज्ञानमा के भनिन्छ?

(A) वितरण

(B) विचरण

(C) व्यतिरेक

(D) विचलन

**9.** 'एक सिर्को दुध' अनि 'एक थोपो दुध' – यी दुई पदावलीमा कोटिकारको भिन्न प्रयोगले कस्तो किसिमको भेद सङ्केत गरेको छ?

(A) आयामको भेद

(B) बाक्लोपनको भेद

(C) पदार्थको भेद

(D) विन्यासको भेद

**10.** ''भाउज्यूले उसलाई हेरी। उसले भाउज्यूलाई हेरिन र हाँस्न खोज्दै भनी – ''भाउज्यू यी लोग्नेमान्छेको जात। यिनीहरूलाई नचाउन ख्याल मज्जा हुन्छ।... यिनीहरूलाई खेलाउन पाए त, छकाउन पाए त....'' – 'पल्लो घरको झ्याल' उपन्यासको समालोचना गर्दा इन्द्रबहादुर राईले मिसरी नामक पात्राको उपर्युद्धृत सम्वादलाई के भनेका छन्?

(A) सामान्यीकरण

(B) यौक्तिकीकरण

(C) छद्म परितोष

(D) चारित्रिक असङ्गति

**11.** 'बालकृष्ण सम ईश्वरवादी वा ब्रह्मवादी नै थिए र उनको दार्शनिक सारांश पनि 'ॐ खंब्रह्म' नै हो।' – यो कसको मन्तव्य हो?

(A) ताना सर्मा

(B) लेखनाथ पौड्याल

(C) वासुदेव त्रिपाठी

(D) बाबुराम आचार्य

**12.** ''बाले माया नगरे नि मेरो माया छँदै छ
म त जान्छु स्वामी राजै बाबा भेटन।''
– संवादात्मक शैलीमा गाइने उपर्युक्त गीतांश कुन अवसर विशेषमा गाउने गरिन्छ?

(A) तीजका बेला

(B) साउने पानी छल्न जाँदा

(C) दसैँको टिकाका दिन

(D) कुसे औँसीका दिन

**13.** ट्याग्मिमलाई चिनाउने चारवटा विशेषता कुन कुन हुन्?

(A) कर्ता, कर्म, क्रिया, पूरक

(B) वर्ण, रूप, पद, वाक्य

(C) खाका, श्रेणी, भरक, प्रकरण

(D) स्थान, वर्ग, भूमिका, संसजन

**14.** लक्ष्मीप्रसाद देवकोटाको 'श्री गणेशायनम:' निबन्धमा उल्लिखित 'अलङ्कार चन्द्रोदय' कुन किसिमको ग्रन्थ हो?

(A) व्याकरण

(B) सङ्गीतशास्त्र

(C) कोशकाव्य

(D) लक्षणग्रन्थ

**15.** ''कविलाई ऊ आफू स्वभावतया जे छ त्यो बाहेक अरू केही बनाउन सकिँदैन।'' अथवा, 'जबर्जस्ती उसलाई अर्कै बनाउने चेष्टा गर्नु उसलाई ध्वंस गर्नु मात्र हो।' – यस किसिमको विचार व्यक्त गर्ने साहित्यकार को हुन्?

(A) स्यामुएल जोन्सन

(B) स्यामुएल टेलर कलरिज

(C) गेटे

(D) लेस्सिङ

**16.** फ्रायडीय मनोविश्लेषणअनुसार चिन्ता के हो?

(A) मानसिक रक्षायुक्ति

(B) पलायनवृत्ति

(C) पराजयको त्रास

(D) वैकल्पिक यौनतृप्ति

**17.** पुस्तकालयमा पुस्तक तथा पत्रिकाहरूको वर्गीकरण गर्ने डी बी प्रणालीअनुसार साहित्य कुन वर्गमा पर्दछ?

(A) 500 – 599

(B) 700 – 799

(C) 800 – 899

(D) 900 – 999

**18.** मारुनीका यी तालमा गीत हुँदैन, खालि मादल मात्र बजाइन्छ अनि मादलको तालमा मारुनीको साटो ढँटुवारे मात्र नचाइन्छ। – यी तालहरू कुन कुन हुन्?

(A) ठोकन र गर्रा

(B) टप्पा र मुर्रा

(C) ठोकन र टप्पा

(D) ठोकन र मुर्रा

**19.** तुलनात्मक साहित्यको वैविध्य सिद्धान्तको प्रतिपादन कुन समुदायले गरेको हो?

(A) फ्रान्सेली

(B) अमेरिकेली

(C) रसियाली

(D) चिनियाँ

**20.** 'इतिहास विवेकशील आत्मनिर्णय गर्न सक्ने मानव समुदायका मुक्तिको द्वन्द्वात्मक र अन्तरक्रियात्मक प्रगतिको समन्वित आख्यान हो।' – यो कसको अवधारणा हो?

(A) हेगल

(B) नित्से

(C) मार्क्स

(D) कान्ट

**21.** 'बालकृष्ण पोखरेलअनुसार यस खालका निबन्धमा प्राय: जीवनी, प्रथा, चाडबाड, धर्म, प्रणाली इत्यादिको विवरण प्रस्तुत गरिएको हुन्छ' – यहाँ 'यस खालका' ले कुन खालका निबन्ध बुझाइएको छ?

(A) वर्णनात्मक निबन्ध

(B) विवरणात्मक निबन्ध

(C) विचारात्मक निबन्ध

(D) भावात्मक निबन्ध

**22.** ''उसैले तिनका कथामा भावुकताभन्दा बढी भावनात्मकता छ, निर्वैयक्तिकता छ र यथार्थबोधबाट अनुस्यूत प्रतिफलन।''
– समालोचक ईश्वर बरालले कुन कथाकारका कथाका विषयमा यस्तो टिप्पणी गरेका हुन्?

(A) रूपनारायण सिंह

(B) गुरुप्रसाद मैनाली

(C) पुष्कर शमशेर

(D) विश्वेश्वरप्रसाद कोइराला

**23.** 'पादरी गङ्गाप्रसाद प्रधानका उपलब्ध रचनावली' पुस्तकका सङ्कलक को हुन्?

(A) कुमार प्रधान

(B) एडोन रोडगोङ

(C) सलोन कार्थक

(D) नरबहादुर दाहाल

**24.** चलचित्रको पटकथा लेखनमा कथाको आरेखलाई के भनिन्छ?

(A) कथाबीज

(B) कथानक

(C) कथा-सङ्केतक

(D) कथासार

**25.** अनुसन्धान गर्दा तथ्याङ्क केलाउने र निष्कर्ष लिने क्रममा अपनाइने तलको तर्क प्रणालीलाई के भनिन्छ?

अभिकथन १- सबै जीवहरू आखिर एकदिन मर्छन्।

अभिकथन २- मेरो कुकुर एउटा जीव हो।

तर्क - मेरो कुकुर एकदिन मर्छ।

(A) तथ्यात्मक

(B) निगमनात्मक

(C) व्याख्यात्मक

(D) आगमनात्मक

**26.** दार्जिलिङ सहरबाट प्रकाशित प्रथम नेपाली साहित्यिक पत्रिका कुन हो?

(A) गोर्खे खबर् कागत्

(B) नेबुला

(C) नेपाली साहित्य सम्मेलन पत्रिका

(D) खोजी

**27.** महाकाव्यमा प्रयोग गर्नु पर्ने छन्दका सन्दर्भमा एरिस्टोटलले कुन छन्दको प्रयोग गर्नु पर्छ भन्ने विचार व्यक्त गरेका छन्?

(A) इआम्बिक पेन्टामिटर

(B) अलेक्सन्ड्राइन

(C) हेप्टामिटर

(D) हेक्सामिटर

**28.** ''उहाँका कथामा न लाक्षणिक वक्रता छ न दार्शनिक ऊहा। ... उहाँका कथा पाठकमाथि गहुँगो भारी लादिए झैँ लादिएका छैनन्, वरन् ती मिजासिला सहानुभूतिशील मित्रका सजिला र रसिला गफको रसामृत चखाउँछन्।'' – ईश्वर बरालको यस्तो आलोचनात्मक टिप्पणी कुन लेखकका कथाका सन्दर्भमा गरिएको हो?

(A) शिवकुमार राई

(B) गुरुप्रसाद मैनाली

(C) इन्द्र सुन्दास

(D) विश्वेश्वरप्रसाद कोइराला

**29.** ''प्रभु अर्जी सुनिलेऊ, प्रभु अर्जी सुनिलेऊ
गोर्खालीले मुक्ति पाउने ढोका खोलिदेऊ''
– यस्तो प्रार्थनामूलक पङ्क्तिका स्रष्टा को हुन्?

(A) मास्टर मित्रसेन थापा
(B) गङ्गाप्रसाद प्रधान
(C) धरणीधर शर्मा
(D) हाजिरमान राई

**30.** वाक्यको आधारभूत पदक्रममा भएको परिवर्तनलाई 'सञ्चलन' भनिन्छ भने त्यस्ता परिवर्तनलाई स्पष्ट पार्ने आधारलाई के भनिन्छ?

(A) सूचिका
(B) सङ्केतक
(C) अवशेष
(D) व्यवस्थापक

**31.** सघनीकरण, तिरोभवन, अतिनिर्धारण, समानान्तरण यी अवधारणाहरू कुन किसिमको समालोचना प्रक्रियाका अङ्ग हुन्?

(A) आदिमतापरक समालोचना
(B) समाजशास्त्रीय समालोचना
(C) रूपवादी समालोचना
(D) संरचनावादी समालोचना

**32.** पवित्र आँसु त्यो हो जो आँसुको निम्ति रुन्छ,
पवित्र हाँसो त्यो हो जो हँसाइको निम्ति हाँस्तछ
पवित्र प्रेम त्यो हो जो प्रेमलाई प्रेम गर्दछ। – यो कविता कुन छन्दमा छ?

(A) अनुष्टुप्
(B) मालिनी
(C) शिखरिणी
(D) मन्दाक्रान्ता

**33.** इन्द्रबहादुर राईले 'आज रमिता छ' उपन्यासका पात्रहरूका सम्वादमा कुन भाषिका प्रयोग गरेका छन्?

(A) दार्जिलिङ – सिक्किमेली
(B) पुर्वेली
(C) हिमाली
(D) मिश्रित

**34.** आश्रित उपवाक्यलाई अर्को कुन नाउँले पनि चिनिन्छ?

(A) क्रियाविशेषण उपवाक्य
(B) असमापक उपवाक्य
(C) पराधीन उपवाक्य
(D) क्रियारहित उपवाक्य

**35.** रसियाली शैलीविज्ञानी भी भी विनोग्रादोवले उल्लेख गरेका शैलीवैज्ञानिक अध्ययनका तीनवटा संरचनागत तह कुन कुन हुन्?

(A) भाषिक, सङ्कथनगत, साहित्यिक
(B) स्वनिमिक, रूपतात्त्विक, वाक्यात्मक
(C) भाषिक, अर्थतात्त्विक, साहित्यिक
(D) भाषावैज्ञानिक, सङ्केतवैज्ञानिक, साहित्यशास्त्रीय

**36.** प्रकाशन कालका आधारमा मनबहादुर मुखियाका नाट्य कृतिहरूको क्रम मिलाउनुहोस् –

(i) क्रसमा टाँगिएको जिन्दगी
(ii) अँध्यारोमा बाँच्नेहरू
(iii) अनि देउराली रुन्छ
(iv) फेरि इतिहास दोहोरिन्छ

(A) (ii), (i), (iv), (iii)
(B) (iv), (ii), (i), (iii)
(C) (ii), (iii), (i), (iv)
(D) (iii), (iv), (i), (ii)

**37.** ''हैदर हाँस न हाँस आस अरुको मैले गऱ्या मै मरूँ'' – माध्यमिककालीन समस्यापूर्ति कविता लेखनका सन्दर्भमा उपर्युक्त समस्यालाई लिएर कविता लेख्ने कवि को को हुन्?

(A) मोतीराम, कालीप्रसाद, काशीनाथ
(B) मोतीराम, पद्मविलास, देवराज
(C) मोतीराम, पद्मविलास, डोलेश्वर
(D) मोतीराम, भोजराज, गोपीनाथ

**38.** नेपाली भाषामा उद्देश्यलाई चिन्ने वाक्यतात्त्विक आधारहरू कुन कुन हुन्?

(i) उद्देश्य वाक्यको सुरुमा आउँछ।
(ii) उद्देश्यले क्रियापदसँग सङ्गति राख्छ।
(iii) उद्देश्य वाक्यमा अनिवार्य हुन्छ।
(iv) उद्देश्य कर्ता कारकका रूपमा सदैव शून्य विभक्तिसहित आउँछ।

(A) (i), (ii), (iii)
(B) (ii), (iii), (iv)
(C) (i), (iii), (iv)
(D) (i), (ii), (iv)

**39.** विनिर्माण के हो?

(i) पाठ अध्ययनको सिद्धान्त र पद्धति
(ii) वाचनको तरिका
(iii) लेखनको मार्ग
(iv) साहित्यालोचनाको उत्तरआधुनिक सिद्धान्त

(A) (i), (ii), (iii)
(B) (ii), (iii), (iv)
(C) (i), (iii), (iv)
(D) (i), (ii), (iv)

**40.** 'म आफू भएर बाँच्न पाउदिनँ, आफ्नो स्वतन्त्रता बाँच्नै पाउदिनँ, जुन साँचो बाँच्नु हो त्यो नबाँचीकन बसेर जुनी बित्छु।'

आफूले चाहे जस्तो जीवन बाँच्न नपाउने यो इन्द्रबहादुर राईको कथाको कुन पात्र हो?

(A) आकारहरू, छायाँहरू - को पूरण
(B) एउटा विचारको यात्रापथ-को 'म'
(C) त्यसरी बाँचेको छ त्यसरी नै-को रूपलाल
(D) खाडल-को 'ऊ'

**41.** नेपाली लोकगीत अन्तर्गत ख्याली र झ्याउरे भाकाका गीतमा प्रयोग गरिने 'रेलीमै', 'लैबरी', 'नैनरेसम', 'लालुमै', 'झम्के बुलाकी' - लाई के भनिन्छ?

(A) गर्रा
(B) भाका
(C) थेगो
(D) ख्याली

**42.** नाटकका सन्दर्भमा 'नान्दी' भन्नाले के बुझिन्छ?

(A) नाटकको नाम, कविको परिचय र रङ्गसभासदको स्वागत गरिने अंश
(B) नाटकका कुनै पनि अंशमा गन्धर्व आदिद्वारा प्रस्तुत गरिएको गायन
(C) रङ्शालामा प्रस्तुत गर्न सकिने तथा नसकिने घटना र कार्यहरूको विवरण
(D) रङ्शालाको विघ्न शान्तिका लागि सर्वप्रथम गरिने मङ्गल कीर्तन र देवस्तुति

**43.** 'मानव' महाकाव्यका स्रष्टा मोदनाथ प्रश्रितलाई उपन्यासकारका रूपमा चिनाउने कृति कुन हुन्?

(i) सुनौली
(ii) देशभक्त लक्ष्मीबाई
(iii) बन्दी आवाज
(iv) चोर

(A) (i) र (iv)
(B) (ii) र (iii)
(C) (i) र (iii)
(D) (ii) र (iv)

**44.** *समूह 'क'*का कुन कुन परिभाषा *समूह 'ख'*का कुन कुन ध्वनिको भेदसित सम्बन्धित छन्?

| *समूह 'क'* | *समूह 'ख'* |
|---|---|
| I. वाच्य र व्यङ्ग्य अर्थको बोधमा क्रम भए पनि शीघ्रताले गर्दा क्रम थाहा हुन सक्तैन। | (i) विवक्षितवाच्य ध्वनि |
| II. जसमा वाच्य र व्यङ्ग्य अर्थको क्रम पाठकले अनुभव गर्न वा पत्ता लगाउन सक्छ। | (ii) स्वत: सम्भवी |
| III. कुनै कृत्रिम कल्पना नगरीकन सहज र सामान्य भनाइले नै ध्वनि निस्कन सक्छ। | (iii) संलक्ष्यक्रम व्यङ्ग्य ध्वनि |
| IV. जहाँ वक्ताको अभिप्राय वाच्य अर्थमा ठ्याम्मै रहँदैन। | (iv) असंलक्ष्यक्रम व्यङ्ग्य ध्वनि |

| | I | II | III | IV |
|---|---|---|---|---|
| (A) | (ii) | (iv) | (i) | (iii) |
| (B) | (iv) | (iii) | (ii) | (i) |
| (C) | (iii) | (ii) | (iv) | (i) |
| (D) | (ii) | (i) | (iii) | (iv) |

**45.** विलियम वर्ड्सवर्थसित मिलेर 'लिरिकल ब्यालेड्स'-को सहसम्पादन गर्ने अर्का कवि को हुन्?

(A) पी बी शेली

(B) जोन किट्स

(C) लर्ड बायरन

(D) स्यामुअल टेलर कलरिज

**46.** विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा परिलक्ष्यित हुने एउटा साझा अभिलक्षण कुन हो?

(A) समकालीनतादेखि मुक्ति

(B) त्रिकोणीय संरचना

(C) चारित्रिक जटिलता

(D) सामाजिक द्वन्द्वात्मकता

**47.** काव्य लक्षणको विवेचना गर्ने क्रममा उनीहरूले प्रस्तुत गरेका लक्षणका आधारमा दण्डी, भोज, विश्वनाथ तथा जगन्नाथलाई तलको कुन वर्गमा राख्नु उपयुक्त हुन्छ?

(A) शब्दलाई नै काव्य मान्ने शब्दप्राधान्यवादी

(B) अर्थलाई मुख्य मान्ने अर्थप्राधान्यवादी

(C) शब्द र अर्थ दुवै मिलेको काव्य मान्ने उभयप्राधान्यवादी

(D) अदोषता गुणझैँ अलङ्कार आवश्यक मान्ने

**48.** सम्पादन र समायोजन गरेर मुद्रित रूपमा आइसकेको पुस्तकादिको पाण्डुलिपिलाई के भनिन्छ?

(A) अवशिष्ट पाण्डुलिपि

(B) सम्पादित पाण्डुलिपि

(C) संशोधित पाण्डुलिपि

(D) मृत पाण्डुलिपि

**49.** शरत्चन्द्र शर्मा भट्टराईको मतानुसार रूपतात्त्विक प्रवृत्तिका आधारमा माध्यमिककालीन नेपाली गद्याख्यानमा पाइने मूल स्वरूपगत विशेषता के हो?

(A) वर्णनात्मकता

(B) कृतिको शीर्षकमा हुने विकल्पात्मकता

(C) उपकथाहरू गाँस्ने पञ्चतन्त्रीय प्रणाली

(D) कथयिता-श्रवयिता शृङ्खला

**50.** गुणीभूतव्यङ्ग्यका आठवटा भेदहरूमध्ये एउटा 'इतराङ्ग' को लक्षण कुन हो?

(A) वाक्यको तात्पर्य विषय प्रधान अर्थको उपकारक

(B) वाच्यार्थलाई सिद्ध गर्ने अङ्ग बनेको

(C) वाच्यार्थभन्दा पनि कम चमत्कार दिने

(D) स्वरको विकार गरी उल्टिएको अर्थ दिने

**51.** एक् डल्लो माटो निलि यो पृथिवी देखायौ।
हज्जारऊँ द्विज अघाउन साग खायौ।।
एक् वस्त्रमा पसेर धोतिको खात् लगायौ।
कस्का के गुन्ले प्रभु खिल्लत कस्तो पायौ।।
– यस श्लोकमा 'हज्जारऊँ द्विज' कसलाई भनिएको हो?

(A) कौरव सेना

(B) दुर्वासा र उनका शिष्यहरू

(C) पाण्डव सेना

(D) यदुवंश

**52.** "गङ्गाप्रसादको नेपाली मौलाउन पाएको भए सायद पछि बनारसमा विद्यार्थी बनी आउने बालकृष्ण पोखरेल र तारानाथ शर्माले चाहेको नेपाली भाषा गाँजिएको देखिन्थ्यो होला र हामीले घोत्लिने जमर्को गरिबस्नु पर्ने थिएन कि?"
—उपर्युक्त मन्तव्य कसको हो?

(A) पारसमणि प्रधान

(B) कुमार प्रधान

(C) रामकृष्ण शर्मा

(D) शिवराज शर्मा

**53.** "विसङ्गतिदेखि परित्राण सम्भव ठान्ने विचार केवल एउटा दर्शनगत आत्महत्या मात्र हो।" – यस मान्यताका जनक को हुन्?

(A) किर्केगार्द

(B) कामु

(C) काफ्का

(D) सार्त्र

**54.** आधुनिक भाषाविज्ञानका आधारमा प्राचीन पाठको मूल्याङ्कन गर्ने प्रथम भाषावैज्ञानिक को हुन्?

(A) ल्योनार्द ब्लुमफिल्ड

(B) थियोडोर रिकार्डी

(C) मारिया हारी

(D) डेविड म्याथ्युज

**55.** ''मलाई यो नदेखुन्जेल म पनि लेख्तछु भन्ने लागेको थियो, तर यो देखेपछि मेरो अभिमान गयो।'' – बालकृष्ण सम रचित 'मुटुको व्यथा' नाटकको पाण्डुलिपि पढेर उपर्युक्त टिप्पणी गर्ने व्यक्ति को हुन्?

(A) चक्रपाणि चालिसे

(B) राममणि आ दी

(C) लक्ष्मीप्रसाद देवकोटा

(D) शम्भुप्रसाद ढुङ्गेल

**56.** तलका पत्रिका र तिनका सम्पादकका नाउँ चिन्हित गर्नु होस्

| | | | |
|---|---|---|---|
| I. | तरुण गोर्खा | (i) | अगमसिंह गिरी |
| II. | गोर्खाली रवि | (ii) | शेषमणि प्रधान |
| III. | गोर्खाली | (iii) | ठाकुर चन्दनसिंह |
| IV. | आदर्श | (iv) | सूर्यविक्रम ज्ञवाली |

| | I | II | III | IV |
|---|---|---|---|---|
| (A) | (ii) | (iii) | (iv) | (i) |
| (B) | (iii) | (i) | (iv) | (ii) |
| (C) | (iii) | (iv) | (i) | (ii) |
| (D) | (iv) | (iii) | (ii) | (i) |

**57.** ''विश्व साहित्यका 'प्लेज्यरिस्ट' ठानिएका शेक्सपियरले कुनै कथानक आफै बनाएनन्; भावहरण गरेका छन् पूर्वकालका लेखकहरूबाट, तर रचना–प्रक्रियामा ती जम्मै खनिज गालेर तिनले मौलिक कृति जुन दिएका छन् ती साहित्यका वैभव हुन्छन् नत्र समालोचकहरू तिनलाई अपहर्ता मात्र भन्ने थिए।'' – यो कसको मन्तव्य हो?

(A) इन्द्रबहादुर राई

(B) कुमार प्रधान

(C) राजनारायण प्रधान

(D) रामकृष्ण शर्मा

**58.** ''यी कथाका अभिप्राय मात्र होइनन्, पात्र वा घटना मात्र पनि होइनन्। यी सबैका संयुक्त अभिव्यक्तिका रूपमा आउने वाक्यहरू हुन्। यस्ता वाक्यहरूलाई क्रममा राखी हेर्दा पत्रैपत्र बनाएर दोहोरिएको पाइन्छ।'' – यस्ता विशेषता हुने कुरालाई लेभी स्त्रासले के भनेका छन्?

(A) स्ट्रकचर

(B) मिथेम

(C) मोटिफ

(D) कोहरेन्स

**59.** इन्द्रबहादुर राईले 'नेपाली उपन्यासका आधारहरू' ग्रन्थअन्तर्गत बाङ्गदेलको 'मुलुक बाहिर' – मा वर्णित पहिलो विश्वयुद्धका तथ्यहरूमा 'एकभन्दा बढ्ता' भुल प्रमाणित गर्न कसले लेखेको इतिहास ग्रन्थको नाम उल्लेख गरेका छन्?

(A) जेनेरल डायर

(B) जेनेरल करिअप्पा

(C) कर्नल जे एन मकाय

(D) जेनेरल मानेकशा

**60.** तलको कुन कार्यसित 'पतुर्नु' शब्द सम्बन्धित छ?

(A) रत्यौली खेलेका बेला महिलाहरूमाझ दोहोरी चल्दा

(B) कसैले बिझ्याइँ गर्दा सरापेको अवस्थामा

(C) सुत्केरी चोख्याउने बेला पण्डितले गर्ने विधि–विधानमा

(D) धामी-झाँक्रीले काम्दै फलाकेको अवस्थामा

**61.** ट्याग्मिम विज्ञानका प्रतिपादक के एल पाइकले वाक्यभित्र रहने एकाइहरूमाझ परस्पर सम्बन्धको प्रकृतिलाई के संज्ञा दिएका छन्?

(A) संयोजन

(B) सङ्गठन

(C) संसजन

(D) संलयन

**62.** ''अनुराधा एउटै उपन्यास सब थोक हुन खोजेको छ, उपन्यासमा सम्पूर्ण कुरा छन् तर सिङ्गो सम्पूर्णता छैन।'' – यो मन्तव्य कसको हो?

(A) इन्द्रबहादुर राई

(B) राजनारायण प्रधान

(C) कृष्णचन्द्रसिंह प्रधान

(D) मुरारीप्रसाद रेग्मी

**63.** तलका मध्ये कुन भाका विशेषत: 'गोडेलो' गाउँदा गाइन्छ?

(A) लहरी लाली माई

(B) झम्झमी इस्टकोट

(C) बरको पात फरर

(D) माई खोलाको सङ्लो पानी

**64.** 'भ्रमर' उपन्यासको इतिवृत्तको भाव केन्द्र के हो?

(A) पुरुष स्वेच्छाचरण

(B) नारीको सामाजिक मर्यादा

(C) प्रेम-प्रणय

(D) प्रेम-परिणय

**65.** जनकलाल शर्माले उल्लेख गरेको पादरी टर्नबुल र ज्ञानदिलदासमाझ मतभेदपछि अनुष्ठित सातदिनसम्मको शास्त्रार्थमा ज्ञानदिलदास विजयी भएको प्रकरणलाई कपोलकल्पित अथवा गुरुश्रद्धाबाट उब्जेको अतिशयोक्ति मान्ने व्यक्ति को हुन्?

(A) पारसमणि प्रधान

(B) रामकृष्ण शर्मा

(C) कुमार प्रधान

(D) महानन्द सापकोटा

**66.** बेसिल विलेका विचारमा तलको कुन कुरा अठारौँ शताब्दीमा साहित्यको सबैभन्दा प्रमुख विषय भएर आयो?

(A) नारी

(B) प्रकृति

(C) शोषणको विरोध

(D) मानव अधिकार

**67.** उत्तरआधुनिकतावाद र विनिर्माणमाझ कस्तो सम्बन्ध छ?

(A) दुवै एकाअर्काका पर्याय हुन्।

(B) दुवै बेग्लाबेग्लै चिन्तन प्रणाली हुन्।

(C) उत्तरआधुनिकतावाद सिद्धान्त हो, विनिर्माण त्यसको अनुप्रयोग।

(D) उत्तरआधुनिकतावाद गन्तव्य हो भने विनिर्माण त्यसको रणनीति।

**68.** कुनै कलाकृति देखेर वा पढेर त्यसमा निबद्ध वस्तुद्वारा मन प्राणमा आविर्भूत हुने अनुभूतिलाई के भनिन्छ?

(A) आनन्दानुभूति

(B) समानानुभूति

(C) प्रभावानुभूति

(D) साधारणीकरण

**69.** काव्यका विषयमा तलको कुन कथन जगन्नाथको हो?

(A) रमणीय अर्थ प्रतिपादन गर्न सक्ने शब्द काव्य हो।

(B) वक्रशैलीमा रचित आनन्ददायक शब्द र अर्थ काव्य हो।

(C) रस भएको ठाउँमा अलङ्कार नभएको भए पनि गुणयुक्त अदुष्ट शब्दार्थ काव्य हो।

(D) शब्द मात्र काव्य होइन, अर्थ मात्र पनि काव्य होइन, यिनीहरूको सहभाव नै काव्य हो।

**70.** इन्द्रबहादुर राईले प्रतिपादन गरेको 'लीलालेखन'-लाई समालोचक कृष्ण गौतम कुन संज्ञा दिन चाहन्छन्?

(A) लीलावाद

(B) लीला सिद्धान्त

(C) लीलायन

(D) लीलातत्त्ववाद

**71.** संस्कृत वैयाकरणहरूले अर्थको शक्ति केमा निहित रहेको मानेका छन्?

(A) परावाक्

(B) पश्यन्ती

(C) मध्यमासक्त स्फोट

(D) वैखरी

**72.** लोकगीत र लोकगाथाका माझको स्वरूपगत भेदमा तलको कुन कुरा मुख्य हुन्छ?

(A) बाजागाजाको संलग्नता

(B) दुवै विधाले ग्रहण गर्ने विषयादि

(C) अंशग्रहणकारीको सङ्ख्या

(D) दुवै विधाको आकार

**73.** राजेन्द्र भण्डारीद्वारा रचित तलको तीन हरफे कवितामा अर्थाभिव्यक्तिका दृष्टिले शीर्षक र मूल पाठमाझ कस्तो सम्बन्ध पाइन्छ?

'सीमा विवाद'

बाझिरहेका दुई रूप्पीलाई
कसरी सम्झाऊँ
एउटाले बोलिन्जेल अर्काले सुन्ने गर।

(A) निर्देशात्मक
(B) वैपरित्यमूलक
(C) सन्दर्भात्मक
(D) अनुक्रममूलक

**74.** प्रकृतवादका पश्चिमेली प्रमुख प्रवक्ताहरू को को हुन्?

(A) प्लेटो, रस्किन, कोम्त, विको
(B) कान्त, फुको, सेन्ट व्युभ, पिकासो
(C) फ्रायड, डार्विन, कार्ल हड्केल, इमाइल जोला
(D) कलरिज, क्रोचे, सार्त्र, अनातोले फ्रान्स

**75.** तलका मध्ये कुन कुन नेपाली चलचित्रमा हिन्दी चलचित्रका प्रसिद्ध अभिनेता डेनी डेन्जोङपाले अभिनय गरेका छन्?

(i) लाहुरे
(ii) साइनो
(iii) सम्झना
(iv) मशाल

(A) (i) र (ii)
(B) (ii) र (iii)
(C) (ii) र (iv)
(D) (iii) र (iv)

**76.** "दृष्टिकोण प्रस्ट नभइसकेकोले हो या कथा पढ्ने हाम्रो अहिलेसम्मको संस्कारले समाउन नसकेर हो उहाँका यस पाराका कथाहरू अत्यन्त क्लिष्ट वा केही न केहीका लाग्दछन्"– इन्द्रबहादुर राईका आयामेली कथाका सन्दर्भमा यस्तो टिप्पणी कसले गरेका हुन्?

(A) गुमानसिंह चामलिङ
(B) चूडामणि बन्धु
(C) भैरव अर्याल
(D) तारानाथ शर्मा

**77.** नेपाली लोकनाटक सोरठीको आख्यान प्राचीन ग्रिसेली दुखान्त नाटककार सोफोक्लिजको कुन नाटकसँग मिल्दो जुल्दो छ?

(A) इलेक्ट्रा
(B) ओडिपस रेक्स
(C) एन्टिगोनी
(D) एजाक्स

**78.** चलचित्र लेखनका तीनवटा चरणमा पहिलो चरण कथा निर्माणको हो अनि तेस्रो संवाद लेखनको चरण हो भने दोस्रो चरण कुन हो?

(A) पात्र तथा चरित्र परिचयनको चरण
(B) पटकथा निर्माणको चरण
(C) दृश्य निर्माणको चरण
(D) कथासार वा आउट लाइन अफ स्टोरी निर्माणको चरण

**79.** "दिन दिन खजनाका भारीका बोकनाले
शिव शिव चूलिमैका बाल नै एक कैका
तदपि मुलुक तेरो छाडी नै कोही भाजा
इति वदती गुमानी धन्य गोर्खाली राजा"
– साहित्यमा यस्ता कविताको कस्तो महत्त्व हुन्छ?

(A) सौन्दर्यशास्त्रीय
(B) ऐतिहासिक
(C) नैतिक
(D) सामाजिक

**80.** भीमनिधि तिवारीको 'बिसेनगर्ची' एकाङ्कीमा बिसेले राजा पृथ्वीनारायण शाहलाई एक रुपियाँ किन दियो?

(A) आतिथ्य जनाउन
(B) तिरो तिर्न
(C) काशी जाने खर्च सघाउन
(D) आफूले गरेको भुलका लागि दण्ड तिर्न

**81.** कमेडीका सन्दर्भमा तलका कुन कुन कथन सही छन्?

(i) कमेडीमा निकृष्ट क्रियाको अनुकरण तथा साधारण मान्छेको तहभन्दा निकृष्ट पात्र-पात्राको चित्रण हुन्छ।

(ii) कमेडीका पात्र-पात्राले यस्ता भुल गर्दछन् जसले गर्दा अरूलाई केही पनि हानी हुँदैन।

(iii) कमेडी व्यक्तिगत व्यङ्ग्यको प्रकार हो, जसमा मानिसका चिरस्थायी र सार्वभौमिक कमजोरीको चित्रण हुँदैन।

(iv) कमेडी मानव कमजोरी र गल्तीहरूको चित्रण हो, जसलाई देख्दा दर्शकमा पीडा वा करुणा होइन, हाँसो उठ्तछ।

(A) (i), (ii), (iii)

(B) (ii), (iii), (iv)

(C) (i), (ii), (iv)

(D) (i), (iii), (iv)

**82.** गोपालप्रसाद रिमालका साहित्यिक रचनाहरूलाई ‘भैरवले ताप्रे गरेका फिलुङ्गो’ मान्ने साहित्यकार को हुन्?

(A) केदारमान व्यथित

(B) रुद्रध्वज जोशी

(C) डिल्लीराम तिमसिना

(D) आनन्ददेव भट्ट

**83.** पूर्वीय नाट्यशास्त्रअनुसार धीरोदात्त, धीरोद्धत, धीरललित र धीरप्रशान्त चारै प्रकारका नायकहरूमध्ये शृङ्गारिक अवस्थामा एकजना मात्र नायिकामा दृढ प्रेमी रहने नायकलाई के भनिन्छ?

(A) शठ

(B) धृष्ट

(C) अनुकूल

(D) दक्षिण

**84.** ‘घरमा एक्लै भएका बेला भाइले गर्नु गरेछ।’ – यस वाक्यको भाव कुन हो?

(A) सङ्केतार्थक

(B) अनुमेयार्थक

(C) सम्भावनार्थक

(D) इच्छार्थक

**85.** दयाराम श्रेष्ठ र मोहनराज शर्माले कस्तो प्रकारका नेपाली समालोचनालाई ‘आत्मसंस्कारवादको ताण्डव’ भनी टिप्पणी गरेका छन्?

(i) प्रभाववादी र ऐतिहासिक

(ii) ऐतिहासिक र तुलनात्मक

(iii) सैद्धान्तिक र प्रभाववादी

(iv) प्रगतिवादी र मनोवैज्ञानिक

(A) (ii), (iv)

(B) (i), (ii)

(C) (ii), (iii)

(D) (i), (iv)

**86.** ‘साहित्यिक कृतिहरू सबै एकै प्रकारका वा एकैनासे हुँदैनन्, त्यसर्थ केही सीमित अवधारणाका भरमा सबै थरी कृतिको समालोचन गर्ने विधि सङ्कीर्णतावादी हुन्छ।’ – यसो भनेर नवआलोचनाको विरोध गर्ने को हुन्?

(A) फ्रान्सेली पाठविश्लेषणवादीहरू

(B) सिकागो मण्डली

(C) रसियाली रूपवादीहरू

(D) संरचनावादी आलोचकहरू

**87.** ‘नेपाली उखान-बखानको प्रवाह’ (इ स 1917) का सङ्कलक को हुन्?

(A) मोतीराम भट्ट

(B) गङ्गाप्रसाद प्रधान

(C) योगी नरहरिनाथ

(D) महावीरसिंह गडतौला

**88.** ‘प्रतीकले पारसलाई डाक्टर ठान्यो।’ – यस वाक्यमा आएको ‘डाक्टर’ पद के हो?

(A) प्रत्यक्ष कर्म

(B) अप्रत्यक्ष कर्म

(C) समानाधिकरण

(D) ऊर्जावत् कारक

**89.** 'गर्मी लुगा सह्यारेर घुँडासम्म मिलीजुली
खेली धपाउँथ्यौँ माछा पक्रन्थ्यौँ एकतासँग
खोला हिलो र ढुङ्गाको तार लाएर थुन्दथ्यौँ
यही चालसँगै हाम्रो बित्यो बालककाल त्यो।'

– 'मुटुको व्यथा' नाटकबाट उद्धृत माथिका पङ्क्तिमा कसले कुन बाल्य साथीको विषयमा यो कुरा गरेको हो?

(A) शनकले माधवको विषयमा
(B) कपिलाले माधवको विषयमा
(C) माधवले शनकको विषयमा
(D) माधवले कपिलाको विषयमा

**90.** उत्तरउपनिवेशवादअनुसार

(i) युरोपेलीहरूले आएर स्थानीय मानिसहरूलाई शिक्षाको आलोक दिन अघि यहाँको कुनै इतिहास थिएन। शिक्षा र साहित्य थिएन।
(ii) उत्तरउपनिवेशवादी लेखकहरू राष्ट्रियता र राष्ट्रवादमा गहिरो रुचि लिन्छन्।
(iii) उत्तरउपनिवेशवादी लेखकहरू उपनिवेशकारीको भाषा लिन्छन् र त्यसलाई शीर्षासन मुद्रामा राखिदिन्छन्।
(iv) युरोपेलीहरूको सृष्टि विश्वका अरू मानिसहरूमाथि शासन र अनुशासित गर्न भएको हो भन्ने विश्वास गर्दछन्।

(A) (i), (ii)
(B) (ii), (iii)
(C) (iii), (iv)
(D) (i), (iv)

**91.** 'तराईको नेपाली भाषाको वर्णनात्मक अध्ययन' विषयमा विद्यावारिधि गर्ने लेखक को हुन्?

(A) डा तुलसीप्रसाद भट्टराई
(B) डा ध्रुवचन्द्र गौतम
(C) डा चूडामणि बन्धु
(D) डा वल्लभमणि दाहाल

**92.** ईश्वर बरालका दृष्टिमा निबन्ध भनेको

(i) एक किसिमको कुरा गराइ हो।
(ii) एउटा लोकप्रिय किसिमको रचना हो।
(iii) कुनै एउटा व्यक्तिले स्वयम् गरेको कुनै एउटा कार्य हो।
(iv) आफ्नु मनका भावनालाई स्वगत कथनको रूपमा व्यक्त गर्ने विधाविशेष हो।

तलका मध्ये सही विकल्प चिह्नित गर्नुहोस् –

(A) (ii) र (iii)
(B) (i) र (iv)
(C) (i) र (iii)
(D) (ii) र (iv)

**93.** कथावस्तुका पाँचवटा अवस्थामा 'प्राप्त्याशा' भन्नाले के बुझिन्छ?

(A) फलप्राप्तिको उद्देश्यले गरेको जाँगरिलो चेष्टा।
(B) व्याघात पन्सिँदै गर्दा फलप्राप्तिको निश्चित आशा।
(C) अनुकूल र प्रतिकूल साधनको सङ्घर्ष भई कहिले बलियो र कहिले झिनो भएको फलको आशा।
(D) व्याघातहरू पन्सिएर सबै साम्य भई पूर्ण फलसिद्धि हुने वा फलप्राप्त हुने आशा।

**94.** शोधानुसन्धान कार्यमा स्तम्भ आरेख अन्तर्गत तथ्याङ्कहरूको कुल योग तथा त्यसका विभिन्न भागहरू प्रदर्शित गरिने आरेखको प्रकारलाई के भनिन्छ?

(A) सरल स्तम्भ आरेख
(B) मिश्रित स्तम्भ आरेख
(C) पिरामिड आरेख
(D) चक्रारेख

**95.** शरत्चन्द्र शर्मा भट्टराईका मतानुसार माध्यमिककालीन प्रसिद्ध रम्याख्यान 'सुनकेसरा रानीको कथा' कुन भाषिक मूलबाट नेपालीमा आयात गरिएको हो?

(A) अरबी–फारसी–उर्दू मूल
(B) हिन्दी मूल
(C) बङ्गला मूल
(D) संस्कृत मूल

**96.** दिल्लीका बादसाह शाहजहाँको आमन्त्रणमा दिल्लीमा गएर आफ्नो विद्वत्ताको गौरव देखाएर 'पण्डितराज' को पद प्राप्त गर्ने आचार्य को हुन्?

(A) विश्वनाथ

(B) अप्पयदीक्षित

(C) जगन्नाथ

(D) राजा भोज

**97.** तल दिइएका कवि र तिनका कविताहरूको सही क्रम मिलाउनु होस्।

| | | | |
|---|---|---|---|
| I. | वीरेन्द्र सुब्बा | (i) | मेरो छोरो |
| II. | हरिभक्त कटुवाल | (ii) | घण्टाघर |
| III. | सिद्धिचरण श्रेष्ठ | (iii) | रहर |
| IV. | भूपि शेरचन | (iv) | डायरी लेख्न लागिरहेछु |

| | I | II | III | IV |
|---|---|---|---|---|
| (A) | (iii) | (iv) | (ii) | (i) |
| (B) | (i) | (ii) | (iv) | (iii) |
| (C) | (ii) | (i) | (iii) | (iv) |
| (D) | (iv) | (iii) | (i) | (ii) |

**98.** ''कसैलाई ज्यादा खान पाएकाले रोग लाग्ने त कसैलाई खानै नपाएकाले रोग लाग्ने किसिमको स्थितिलाई घोप्ट्याइदिने बारेमा किन पो सालिक बनिदिन्छ यो समाज?''

– दौलतविक्रम विष्टको 'भोक र भित्ताहरू' उपन्यासको चन्द्रेले उठाएको यस प्रश्नको उत्तरस्वरूप उपन्यासले कुन कारण देखाएको छ?

(A) राजनैतिक वाध्यता

(B) प्रशासनिक भ्रष्टाचार

(C) देशको दुर्बल आर्थिक स्थिति

(D) कारण अनुल्लिखित

**99.** आरभटी वृत्तिका चारवटा अङ्गहरूमध्ये दुईजना पात्र क्रोधित भएर परस्परमा हानाहान गर्ने अङ्गलाई के भनिन्छ?

(A) वस्तुत्थापन

(B) सम्फेट

(C) संक्षिप्ति

(D) अवपातन

**100.** पूर्वीय काव्याचार्यहरूले बयान गरेका काव्यका लक्षणहरू विचार गर्दा लेखनाथ पौड्यालको 'ऋतुविचार' लाई तलको कुन भेदअन्तर्गत राख्न सकिन्छ?

(A) विरुदकाव्य

(B) खण्डकथा

(C) आख्यायिका

(D) कोषकाव्य

**ROUGH WORK**

**ROUGH WORK**